# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

## टंगाल, काठमाण्डौ

मिति: २०७४/०३/१६ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला समन्वय समितिको कार्यालय, कैलालीका खरिदार दुजराम चौधरीले नक्कली शैक्षिक प्रमाण-पत्र पेश गरी उक्त पदमा कार्यरत रहेको तथा सेवा सुविधा लिईरहेकोले आवश्यक छानविन गरी कारवाही गरीपाउँ भन्ने व्यहोराको उजुरीको सम्बन्धमा अनुसन्धान हुदां, निजले बढुवा हुने प्रयोजनको लागी पेश गरेको माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय उत्तर प्रदेश, ईलाहावाद, भारत बाट सन् १९९८ मा एस.एल.सी.(हाई स्कूल) पास गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको हुदां निजले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुर गरेको देखिएको हुँदा निजलाई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाण्डौमा आरोपपत्र दायर गरिएको छ ।

कुनै पनि प्रकारको भ्रष्टाचारका सम्बन्धमा समयमै सत्य र यथार्थपरक सूचना उपलव्ध गराई आफ्नो हक अधिकार सुनिश्चित गर्नुका साथै भ्रष्टाचारजन्य गतिबिधिको अन्त्य गरी भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने गराउने साझा अभियानमा सक्रिय सहभागिता एवं सहकार्यका लागि आयोग सबैमा हार्दिक अनुरोध गर्दछ ।

(जीवराज कोइराला)
सह-सचिव एवं प्रवक्ता